२१.<u>करदाताको प्रतिनिधित्व</u> : (१) करदाताको प्रतिनिधित्व करदाताको उमेर पुगेको सदस्य माथवर व्यक्ति वा निजको कानुन ब्यबसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्ने छ ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) करदाताले उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयम ले गरेको मानिने छ ।

## परिच्छेद-६

## <u>विवरण दाखिला सम्बन्धी व्यवस्था</u>

२२. <u>बिवरण दाखिला गर्न आदेश दिन सक्ने :</u>

(१) एस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर बिवरण नबुझाएमा वा बिवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोलि कर बिवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्वन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर इकाइमा विवरण दाखिला गर्नुपर्ने छ ।

(२) उपदफा १) बमोजिम को म्याद भित्र बिवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोलि समयावधि थप को लागि निवेदन दिएमा कर अधिकृत ले ३० दिन सम्मको समयावधि थप दिन सक्नेछ ।

